# व्यवसायीहरूमा सामन्ती सोच : योजना आयोग उपाध्यक्ष क्षेत्री

पोखरा आवाज

पोखरा, १६ मंसिर । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले निजी क्षेत्रलाई नाफा मात्र नखोज्न र उत्तरदायित्व बहन गर्न आग्रह गरेका छन् । उनले व्यवसायीहरूमा सामन्तवादी सोच रहेको आरोप समेत लगाएका छन् । 'निजी क्षेत्रमा नाफा मात्र मेरो र उत्तरदायित्व जति सरकारको भन्ने सोच छ'- उनले भने - 'निजी क्षेत्रले दायित्वबोध पनि गर्नुपर्छ ।'

क्षेत्रीले नेपाल सरकार बाणिज्य तथा आपूर्ति मन्त्रालय, जर्मन अन्तर्राष्ट्रिय सहयोग नियोग(जिआइजेड), साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भाइरोमेण्ट(सावती) र पोखरा उद्योग बाणिज्य संघले संयुक्त रूपले आयोजना गरेको विश्व व्यापार संगठनमा नेपालले गरेको प्रतिवद्धता र सरोकारवालाहरूको भूमिका विषयका अन्तरक्रियामा बोल्दै उक्त धारणा राखेका थिए । उनले नेपाली उद्यमीहरूहरूलाई प्रतिष्पर्धात्मक क्षमता विकास गरी काम गर्ने क्षमता र मेहनत बढाउन सुझाव पनि दिए ।

क्षेत्रगत रूपले व्यवसायको संभाव्यता हेरी सो क्षेत्रको विकास गरी निकासी वृद्धि गर्नुपर्ने बताउँदै उनले आयात केन्द्रित व्यवसाय गर्नुपर्नेमा जोड दिए । नेपालले बस्तु व्यापार र सेवाबारे अन्तर्राष्ट्रिय



रूपले गरिएका सन्धी संझौता र प्रतिवद्धता पूरा गर्नुपर्ने उल्लेख गर्दै व्यापार प्रवर्द्धनमा भएको विदेशी सहयोग सोही प्रयोजनको लागि खर्च गरिने प्रतिवद्धता पनि जनाए ।

दुई दिने अन्तरक्रियाको पहिलो दिन बोल्ने वक्ता र श्रोतव्यक्तिहरूले विश्व व्यापार संगठनमा नेपालले गरेका प्रतिवद्धताले दिएको फाइदा र बेफाइदाबारे विभिन्न धारणा राखेका थिए । कार्यक्रममा विश्वव्यापार संगठनमा नेपालको प्रतिवद्धताबारे कार्यपत्र प्रस्तुत गर्दै बाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव जीवराज कोइरालाले विश्वव्यापार संगठनमा गरिएको प्रतिवद्धताले नेपालमा प्रतिष्पर्धात्मक क्षमता बढाएको धारणा राखे । उनको कार्यपत्रमा टिप्पणी गर्दै सावतीका महासचिव रत्नाकर अधिकारीले विश्वब्यापार संगठनमा हस्ताक्षर गर्दा नेपाललाई दिने भनिएको सुविधा नदिँदा नेपालको व्यापार घाटा बढेको बताए । पोखरा उद्योग बाणिज्य संघका कार्यसमिति सदस्य तथा सुजल फुड्स प्रालिका प्रवन्ध निर्देशक निरञ्जन श्रेष्ठले अन्तर र्राष्ट्रिय रूपले नेपालका ब्यवसायीको प्रतिष्पर्धात्मक क्षमता बढाउन दिइएको प्रतिवद्धता अनुरूपको सहयोग नपाएको गुनासो गरे ।

यसैगरी सोही कार्यक्रममा पर्यटन ब्यापारबारे कार्यपत्र प्रस्तुत गर्दै नेपाल पर्यटन वोर्डका पूर्व कार्यकारी निर्देशक प्रचण्डमान श्रेष्ठले नेपालको पर्यटनमा भएका प्रचुर संभावनाको उपयोगमा जोड दिए । उनको कार्यपत्रमा पोखरा पर्यटन परिषदका अध्यक्ष टीकाराम सापकोटा र बाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव रवि भट्टराईले टिप्पणी गरेका थिए । कार्यक्रममा सावतीका अध्यक्ष डा. पोषराज पाण्डे, पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष कृष्णमोहन श्रेष्ठ, बाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव चन्द्रकुमार घिमिरे लगायतले मन्तब्य राखेका थिए ।